# ‘अवैध सम्बन्ध’ कविताको लयविधान

**सोमप्रसाद गर्तौला**
विद्यावारिधि शोधार्थी, त्रिभुवन विश्वविद्यालय
इमेल : subham2073@gmail.com
DOI: https://doi.org/ 10.3126/prajna.v126i1.86362

**लेखसार**

*प्रस्तुत अनुसन्धानात्मक लेखमा बानिरा गिरी (२००३-२०७८) द्वारा रचित तथा प्रज्ञा आधुनिक कविता (२०७४) मा सङ्कलित ‘अवैध सम्बन्ध’ कविताको लयविधानबारे अध्ययन गरिएको छ । कवितामा अनुबन्धित लयविधानको सैद्धान्तिक अध्ययनका लागि पङ्क्तिविन्यास, समानान्तरता, विचलन, विपरीतता, खण्डीकरण र लेख्यचिह्नको प्रयोगलाई प्रमुख आधार बनाइएको छ । त्यसका लागि पुस्तकालयीय कार्यको उपयोग गरी सामग्री सङ्कलन गरिएको छ । पाठविश्लेषणात्मक अध्ययनविधिको उपयोग गरिएको यो लेख गुणात्मक ढाँचामा रहेको छ । प्राथमिक सामग्रीका रूपमा ‘अवैध सम्बन्ध’ कवितालाई समष्टि विधिको उपयोग गरी लिइएको छ । यस कवितामा लयको प्रवाह सिर्जना गर्ने प्रकृतिका शाब्दिक तथा वार्णिक तथ्याङ्क सङ्कलन गर्दै ती साक्ष्यको निगमनात्मक तथा आवश्यकताअनुसार आगमनात्मक विधिको उपयोग गरी विश्लेषण र मूल्याङ्कन गरिएको छ । द्वितीयक सामग्रीका रूपमा पूर्वीय तथा पाश्चात्य समालोचना सिद्धान्तसँग सम्बन्धित विभिन्न सामग्रीको उपयोग गरी अध्ययन गरिएको यस कवितामा समाविष्ट अनियमित पङ्क्तिविन्यासका कारण विशिष्ट लयप्रवाहको सिर्जना भएको छ । पङ्क्तिविन्यास, समानान्तरता, विचलन, विपरीतता, खण्डीकरण तथा लेख्यचिह्नले कवितामा गति, यति,* आरोहअवरोह *र पाठकमा विशिष्ट प्रकारको भाव सिर्जना गरी लयोत्पादन हुन पुगेको छ । कवितामा समानान्तरताको आवृत्ति, पदक्रम, अर्थतात्त्विक र प्रयुक्ति विचलनजस्ता प्रयोग र भाषिक एकाइहरूको अनुप्रासका कारण उत्पन्न साङ्गीतिक उतारचढाव हुन पुगी विशिष्ट लयोत्पादन भएको निष्कर्ष यस अध्ययनमा प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी** : अग्रभूमीकरण, आवृत्ति, प्रयुक्ति, लयविधान, विचलन, समानान्तरता ।

## विषयपरिचय

बानिरा गिरी (२००३-२०७८) द्वारा रचित ‘अवैध सम्बन्ध’ कविता *प्रज्ञा आधुनिक कविता* (२०७४) मा सङ्कलित छ । उनको यस कवितामा बिम्ब र प्रतीकको यथेष्ट प्रयोगसँगै अनुप्रासको उचित संयोजन र आलङ्कारिक शब्दको प्रयोगबाट लयविधानको संयोजन उत्कृष्ट हुन पुगेको पाइन्छ । कविताभित्र देखापर्ने उच्चारणगत आरोहअवरोहको विशिष्ट संयोजन नै लय हो । कवितालाई साहित्यका अन्य विधाबाट अलग पार्नका लागि लयको मुख्य भूमिका रहेको हुन्छ ।

कविताको विशिष्ट स्वरूप निर्धारण गर्न लयतत्त्वको महत्त्वपूर्ण भूमिका रहने हुँदा कविताका लागि लय आधारभूत तत्त्व बन्न पुगेको हो । भावमूलक रचनामा लयात्मक संरचना जोडिएर कविता निर्माण हुन नसक्ने हुँदा कवितालाई लयबद्ध बनाउनका लागि छन्द, अलङ्कार, समानान्तरता, विपरीतता, विचलन, वाक्य ढाँचा, खण्डीकरण, चिह्नप्रयोग, सम्बोधनजस्ता तत्त्वहरूको भूमिका महत्त्वपूर्ण बन्न पुग्छ । कवितामा प्रयोग हुने यस्ता तत्त्वले यस कवितामा पनि लयोत्पादन गर्न सहयोग पुऱ्याएको देखिन्छ । यी तत्त्वहरूले प्रस्तुत गद्य कवितामा लयोत्पादन गर्नका लागि केकसरी सहयोग पुऱ्याएको छ भन्ने मुख्य समस्यामा केन्द्रित रही अध्ययन गरिएको यस लेखमा आन्तरिक तथा बाह्य लय निर्माणका विभिन्न वस्तुको उपयोगको बारेमा समेत विश्लेषण गरिएको छ ।

साहित्यको सुन्दर रचना कविता हो । यसमा भावको आधिक्य हुन्छ । भावबोधका लागि कवितालाई एक भिन्न संरचनामा तयार पारिन्छ । त्यस्तो संरचना सुन्दर बनाउनका लागि कवितात्मक सौन्दर्य सृष्टिमा लयात्मक अभिव्यक्तिको महत्त्वपूर्ण भूमिका हुन्छ । त्यसैले कविताको समग्र विश्लेषणका क्रममा लयविधानको विश्लेषण गर्नु आवश्यक देखिन्छ । नेपाली समालोचनाको क्षेत्रमा कविताका विधागत तत्त्वको अध्ययनका क्रममा लयसम्बद्ध अध्ययनको सामान्य परम्परा देखिए पनि लयविधानसम्बद्ध सैद्धान्तिक मान्यतामा केन्द्रित रही कविता अध्ययन कमै मात्र भएको पाइन्छ । यसरी रिक्त देखिएको अध्ययनको परिपूर्ति गर्ने उद्देश्यमा केन्द्रित यस लेखले कविता विधाको अध्ययन गर्दा आन्तरिक तथा बाह्य लयलाई विशेष जोड दिनु आवश्यक रहेको देखाएको छ । कविताको अध्ययन गर्दा यसको लयात्मक पक्षलाई महत्त्व दिनु आवश्यक रहेको निष्कर्षमा पुगिएको यस अध्ययनमा पङ्क्तिविन्यास, समानान्तरता, विचलन, विपरीतता, खण्डीकरण, लेख्यचिह्नप्रयोगजस्ता उपकरणका कारण कवितामा लयोत्पादन हुने हुँदा यिनै तत्त्वका आधारमा 'अवैध सम्बन्ध' कविताको अध्ययन गरी निष्कर्षमा पुगिएको छ ।

## अध्ययनको विधि

प्रस्तुत अध्ययनका लागि आवश्यक सामग्री सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । अध्ययनका लागि विवेच्य सामग्रीको रूपमा प्रस्तुत बानिरा गिरीको 'अवैध सम्बन्ध' कवितालाई प्राथमिक सामग्री र लयविधानसम्बद्ध सैद्धान्तिक पुस्तक, पत्रपत्रिका तथा पूर्वकार्यलाई द्वितीयक सामग्रीका रूपमा ग्रहण गरिएको छ । प्रस्तुत अध्ययनमा उठाइएका प्रमुख प्राज्ञिक दाबी तथा जिज्ञासालाई पुष्टि गर्नका लागि लयविधानको सिद्धान्तलाई आधार बनाई कविताबाट लिइएका साक्ष्यहरूलाई तथ्याङ्कका रूपमा उपयोग गरी वस्तुनिष्ठ विश्लेषण गरिएको छ । गुणात्मक रूपमा रहेको प्रस्तुत अध्ययनमा सङ्कलित सामग्रीको अर्थापनका लागि विश्लेषणात्मक विधिको उपयोग गरी निष्कर्षमा पुगिएको छ ।

## सैद्धान्तिक आधार

कविता विशिष्ट भावयुक्त, लयात्मक तथा रागात्मक कोमल भाषिक अभिव्यक्ति हो । यसलाई साहित्यका विविध चार विधामध्ये (कविता, कथा, नाटक र निबन्ध) एक प्रमुख विधा मानिएको छ । कविताभित्र रहने साङ्गीतिक प्रवाह नै लय हो । कविताको साहित्यका अन्य विधाभन्दा फरक पहिचान हुनुको प्रमुख कारण लय नै हो । लयले कविताको सिङ्गो पहिचानलाई बोकेको हुन्छ । लयले कविताको संरचनालाई बलियो बनाउन, भावलाई स्तरीय ढङ्गबाट पेस गर्न

तथा सहज र सरल रूपमा भाव सम्प्रेषण गर्न मदत गर्दछ । यसैले पनि कविताको भाषा र लय विशिष्ट प्रकृतिको हुन्छ । विशिष्ट भाषा र विशिष्ट लय कविताका अभिलक्षण हुन् (गौतम, २०६९, पृ. २६) । यसले कविता बन्नका लागि लयको आवश्यकता पर्दछ भन्ने कुरालाई सङ्केत गरेको छ भने लयले नै कविताको विशिष्टीकृत स्वरूप निर्माण गर्न सहयोग पुऱ्याउने कार्य गर्दछ । लय शब्दले गहन एकाग्रता, तल्लीनता, तन्मयता, विलयन, सङ्गीतमा स्वरको आरोहअवरोहको विशेषक्रम, प्रवाह आदि अर्थ बोध गराउँछ (लुइटेल, २०६०, पृ. १३६) । यस अर्थमा लय कविता विधाको एक विशिष्ट तत्त्व हो भन्न सकिन्छ । सङ्गीत र काव्यको प्राणतत्त्वका रूपमा रहेको लयलाई मानिसको आन्तरिक भावावेगका रूपमा पनि लिएको पाइन्छ (पृ. १३६) । यसले कवितामा रहने लयले मानवीय भाव र त्यसबाट सिर्जित आवेग, एकाग्र भाव, विलयन तथा स्वरको उतारचढावलाई समेत जनाउँछ ।

लयले कवितालाई गेयात्मक र भावप्रधान बनाएको हुन्छ । कविताको अत्यन्त निजी, मौलिक र अनिवार्य तत्त्व लय हो (गौतम, २०६६, पृ. ५७६) । वास्तवमा यही लयकै कारण अन्य विधाबाट कविता अलग विधा भएको हुनाले लयलाई रूपपक्षबाट मात्र नहेरी यसको भावपक्षलाई पनि हेर्नुपर्ने हुन्छ । मानिसको मनबाट उत्पन्न भएका कुनै भावनालाई अनुक्रमित रूपमा प्रस्तुत गर्ने मानसिक आकाङ्क्षाको सन्तुष्टि, निराशा र विस्मयको भावाभिव्यक्ति लय हो (त्रिपाठी, २०३०, पृ. ४५५) । वासुदेव त्रिपाठीले पाश्चात्य विद्वान् रिचर्ड्सलाई उद्धृत गर्दै लयलाई चिनाउने कार्य गरेका छन् । यसक्रममा लय निर्माणका लागि शब्दमात्र नभई भावको अभिव्यक्ति पनि प्रमुख हुने तर्क प्रस्तुत गरिएको छ (पृ. ४५५) । भाव अभिव्यक्तिसँगै भाषिक संरचनाका हिसाबले कविताको भाषा पूर्णतया लयात्मक हुने हुँदा कविता अन्य विधाभन्दा फरक हुन पुगेको हो । कवितालाई अन्य गद्यविधाबाट पृथक् तुल्याउने र तिनका बिचमा विभेदक रेखा कोर्ने काम लयले नै गर्दछ (लुइटेल, २०६७, पृ. ३४) । यस आधारमा पनि कवितालाई विशिष्ट विधा बनाउन प्रमुख भूमिका खेल्ने मुख्य तत्त्व लय हो । यससँगै कवितालाई लयात्मक बनाउने अर्को यान्त्रिक विषय भनेको छन्द हो । छन्दले भाषिक संरचनालाई कवितात्मक ढाँचा वा स्वरूपमा ढाल्ने काम गर्छ । यति हुँदाहुँदै पनि सबै कवितामा छन्द नहुन सक्छ तर लय भने अवश्य हुन्छ । छन्दोबद्ध कवितामा नियोजित लयविधान हुन्छ भने मुक्तछन्द वा गद्यकवितामा अनियोजित लयविधान हुन्छ (गौतम, २०६९, पृ. २६) । शास्त्रीय छन्दमा यान्त्रिक लय हुन्छ । जसमा नियोजित वा निश्चित लयविधान हुन्छ । मुक्तछन्दमा निश्चित लय हुँदैन । यसमा कुनै नियोजित लय निर्माण नहुने हुँदा यसको बनोट वा बुनोट पनि निश्चित हुँदैन ।

कवितालाई लयात्मक बनाउन छन्द मात्र नभई अन्य विभिन्न तत्त्वहरूले पनि भूमिका खेलेका हुन्छन् । त्यस्ता तत्त्वहरूको उपयोगबाट विशिष्ट प्रकारको लयोत्पादन भएको हुन्छ । लयनिर्माणका लागि अलङ्कार, वाक्यीय ढाँचा, चयन, अग्रभूमीकरण (समानान्तरता, विचलन) आदिले पनि महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् (लुइटेल, २०६०, पृ. १३७) । पद्यकविता शास्त्रीय नियममा लेखिने भएकाले निश्चित लय निर्माण भएको हुन्छ भने गद्यकवितामा निश्चित नियम नभएकाले निश्चित लय निर्माण हुँदैन । यति हुँदाहुँदै पनि लयको अस्तित्व पद्यकविता र गद्यकविता दुवैमा हुन्छ (लुइटेल, २०६७, पृ. ३४) । गद्य कवितामा पङ्क्तिविन्यासको असमान वितरणबाट लय सिर्जना हुन्छ । त्यसैले कवितामा अभिव्यक्त हुने लय भाषाका रूपहरूको वितरणमा भर परेको हुन्छ । लयविधानको अध्ययन गर्दा तिनै भाषिक रूपहरूको गति, यति, आरोहअवरोहको ढाँचा अध्ययन गरिन्छ । कवितामा लयको सिर्जना ध्वनिका तीन पक्ष प्रवाह (गति), विश्राम (यति) र अन्तराल (

समयावधि) को मिलनबाट हुन्छ । यसका लागि पङ्क्तिविन्यास, समानान्तरता, विचलन, विपरीतता, खण्डीकरण, सम्बोधन र लेख्य चिह्नको प्रयोग आवश्यक हुन्छ । यिनै तत्त्वहरूका कारण उत्पन्न प्रवाह, गति, यति, विराम, आघात आदिको परस्पर क्रमिक मेलबाट लयको उत्पत्ति हुन्छ (लुइटेल, २०६०, पृ. १३७) । लय निर्माणमा ध्वनिको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । ध्वनिले उच्चारणगत आरोहअवरोह उत्पन्न गर्दै लय निर्माण गरिरहेको हुन्छ । ध्वनिको उच्चारण गर्दा उत्पन्न हुने साङ्गीतिक आरोहअवरोह नै लय हो (पृ. १३७) । ध्वनिका समान वा असमान एकाइहरूको पुनरावृत्तिले लय उत्पादन गरिरहेको हुन्छ । ध्वनि ढाँचाका समान एकाइहरूको नियमित वा प्रायः नियमित पुनरावृत्तिबाट लयोत्पादन हुन्छ (गौतम, २०६९, पृ. ३४) । विभिन्न विद्वान्का माथि दिइएका सैद्धान्तिक अवधारणालाई आधार मान्दा कवितामा रहेको लयविधानको अध्ययन गर्न विभिन्न तत्त्वको आधार लिनु उपयुक्त देखिन्छ । ती सैद्धान्तिक आधारमध्ये यस कवितामा प्रयुक्त लयको अध्ययन गर्न पङ्क्तिविन्यास, समानान्तरता, विचलन, विपरीतता, खण्डीकरण र लेख्यचिह्नको प्रयोगलाई उपयोग गरिएको छ ।

लयविधानसम्बन्धी उपर्युक्त अवधारणाअनुसार यहाँ 'अवैध सम्बन्ध' कविताको लयका विभिन्न पक्षलाई छुट्टाछुट्टै उपशीर्षकहरूमा क्रमशः विश्लेषण गरिएको छ ।

## विमर्श र नतिजा

प्रस्तुत 'अवैध सम्बन्ध' कविता लयविधानका दृष्टिले अध्ययनीय रहेको छ । यस कवितामा लयविधानको अध्ययनविश्लेषणका लागि कवितालाई विशिष्ट लयात्मक बनाउन उपयोग भएका पङ्क्तिविन्यास, समानान्तरता, विचलन, विपरीतता, खण्डीकरण तथा लेख्यचिह्नको प्रयोगको अवस्थाको अध्ययन गरिएको छ । यी तत्त्वका आधारमा कवितामा प्रयुक्त लयको पहिचान गरी निष्कर्षमा पुगिएको छ ।

### पङ्क्तिविन्यास

पङ्क्तिविन्यास कविताको लयविधानका लागि महत्त्वपूर्ण तत्त्व हो । पङ्क्तिको समान वा असमान वितरणबाट विशेष रूपमा लयको निर्माण हुन पुग्छ । शास्त्रीय छन्दमा रचना गरिएको अर्थात् पद्य कवितामा समान अक्षरका समान पङ्क्ति हुन्छन् । जसले लयलाई नियमित बनाउने काम गर्दछ । गद्य कविता वा मुक्त छन्दमा लेखिएको कवितामा असमान पङ्क्ति हुन्छन् । जसले लयलाई पनि अनियमित बनाउने कार्य गर्दछ । लयको अभिप्राय पङ्क्तिको छिटो वा ढिलो हुने प्रवाह एवं गति हो । कवितामा संरचित पङ्क्तिको ढिलो-छिटोपनको निर्धारण अर्थले गर्दछ । लय र अर्थलाई अलग पारेर छुट्याउन सकिँदैन । लयले शब्दको अर्थलाई अनुकूल बनाउने एवं बढाउने कार्य गर्नाका साथै पङ्क्तिको वास्तविक अर्थलाई बलियो बनाउने काम गर्छ (पेक र कोयल, सन् १९९३, पृ. ६०) । यसरी कवितामा वितरित पङ्क्तिविन्यासले लयोत्पादन गर्नका साथै कविताको अर्थलाई समेत विशिष्टता प्रदान गर्छ । 'अवैध सम्बन्ध' गद्य लयात्मक कविता हो । यसमा असमान पङ्क्तिविन्यास रहेको छ । जसले लयलाई अनियमित बनाउन मदत गरेको छ भने यसले गर्दा नै विशिष्ट लय निर्माण हुन पुगेको छ । यो कविता जम्मा बीस पङ्क्तिमा संरचित छ । जसका पङ्क्ति र ती पङ्क्तिमा रहेका अक्षरलाई निम्नलिखितअनुसार प्रस्तुत गरिन्छ :

| कविताको पङ्क्ति क्रम सङ्ख्या | कविता | पङ्क्तिमा रहेका अक्षरसङ्ख्या |
|---|---|---|
| १ | मेरी छोरी | ४ |
| २ | ह्यामलेट बनोस् | ६ |
| ३ | शङ्का र उपशङ्काको जलप पोतिएको | १५ |
| ४ | तक्मा भिरोस् | ४ |
| ५ | हुनु र नहुनुको त्रिशङ्कु बनी | १२ |
| ६ | सर्वदा झुन्डिरहोस् | ७ |
| ७ | दुर्भाग्यको सान लगाएर | १० |
| ८ | तलबार टल्काओस् | ७ |
| ९ | चोबलोस् टुप्पालाई | ७ |
| १० | पोटासियम सायोनाइडको प्यालामा | १४ |
| ११ | र मात्र छोइदेओस् | ७ |
| १२ | मेरो घाँटीको रुद्रघन्टीमा | १० |
| १३ | बाध्य गराओस् | ५ |
| १४ | छटपटाई छटपटाई विषमय मृत्यु भोग्न | १८ |
| १५ | मजस्ती अपघातिनीलाई | १० |
| १६ | किनभने | ४ |
| १७ | सबैको आँखा छली | ७ |
| १८ | मैले- | २ |
| १९ | आफ्नो सम्बन्ध राखेकी छु | ९ |
| २० | अवैध सम्बन्ध राखेकी छु । | १० |

प्रस्तुत कविताको पहिलो पङ्क्तिमा चार अक्षर रहेको छ भने दोस्रो पङ्क्तिमा छ अक्षर रहेको छ। यसले कविताका पङक्तिमा असमान अक्षर हुँदा लय निर्माण हुने र त्यस्तो लय अनियमित हुने कुरालाई देखाएको छ। कविताको तेस्रो पङ्क्तिमा पन्ध्र अक्षर रहेको छ। चौथो र सोह्रौं पङ्क्तिमा चार-चार, पाँचौंमा बाह्र, छैटौं, आठौं, नवौं, एघारौं र सत्रौं पङ्क्तिमा सात-सात, सातौं, बाह्रौं, पन्ध्रौं र बिसौं पङ्क्तिमा दस-दस, दसौं पङ्क्तिमा चौध, तेह्रौं पङ्क्तिमा पाँच, चौधौंमा अठार, अठारौं पङ्क्तिमा दुई र उन्नाइसौं पङ्क्तिमा नौ अक्षर रहेको छ। यसरी कवितामा असमान रहेका पङ्क्तिले नै लय निर्माण गरेको देखिन्छ। यी तथ्यहरूलाई केलाउँदा यस कवितामा अक्षर र पङ्क्तिगत वितरण असमान, अनियमित र विविधतापूर्ण रहेको छ। कवितामा रहेको यस्तै असमान पङ्क्तिवितरणले गर्दा नै लय निर्माण हुन पुगी कविता विशिष्ट बन्न पुगेको देखिन्छ। त्यसैले यो शास्त्रीय नियम र अनुशासनमा आधारित बद्ध लय ढाँचाको कविता नभई मुक्त लय ढाँचामा आधारित गद्य कविता हो।

मुक्त छन्दमा लेखिएको यस प्रगीतात्मक कविता बीस पङ्क्तिमा संरचित भए पनि यसमा जम्मा नौ वाक्य मात्र रहेका छन्। त्यसैले यस कविताको मूल कथ्य नौ वाक्यमा समावेश रहेको

बुझ्न सकिन्छ । जसलाई बीस पङ्क्तिमा संरचित गरिएको छ । पङ्क्तिमा रहेका शब्दगत संरचनाका हिसाबले तिनै पङ्क्तिहरूमध्ये दुइटा पङ्क्तिमा एक-एक शब्द छन् भने अन्य आठ पङ्क्तिमा दुई-दुई शब्द छन् । कवितामा रहेका अन्य पाँच पङ्क्तिमा तीन-तीन शब्द छन् । त्यस्तै चार शब्दका दुई पङ्क्ति छन् भने पाँच शब्दका तीन पङ्क्ति छन् । यसरी वाक्यलाई खण्डित गरी पङ्क्ति निर्माण गरिएको भए पनि वाक्यलाई त्यसै खण्डखण्ड पारिएको होइन । यसरी खण्डखण्ड पारेर लेखिँदा यसले एकातिर कविताको भावको प्रवाहलाई निर्देशित गरिरहेको छ भने अर्कातिर गद्यलयको नागबेली अन्तर्प्रवाहलाई पनि सूचित गरिरहेको छ । नागबेली अन्तर्प्रवाहका कारण निर्मित आन्तरिक लयले कविताको भावप्रवाहमा विशिष्टता झल्काएको छ । यस कविताको प्रत्येक पङ्क्तिले गति, यति र लयको खण्डलाई सुरक्षित पारेको छ । जसले गर्दा कवितामा आन्तरिक लय तथा बाह्य लयले विशिष्टता झल्काएको छ । यस कविताका अलग अलग पङ्क्तिमा छरिएर रहेका शब्दहरूलाई एउटै पङ्क्तिमा मिलाएर राख्न नमिल्ने होइन तर त्यसो गर्दा कविताको ढाँचा प्रभावित हुन जान्छ र लयको अर्कै ढाँचा उत्पन्न हुन्छ । यसले कविताको स्वतस्फूर्त लयमा बाधा पर्न गई कृत्रिमताको निर्माण हुन सक्ने हुँदा यसमा सचेत भएर कविताको पङ्क्तिको निर्माण भएको देखिन्छ ।

यसरी पङ्क्तिविन्यासका आधारमा कविताको लयविधान हेर्दा यस कवितामा पङ्क्तिहरूको असमान वितरण भएको पाइन्छ । जसले आन्तरिक तथा बाह्य ध्वनिबाट लय निर्माण हुन गई कविता विशिष्ट बन्न पुगेको छ । यस्तो पङ्क्तिको असमान वितरणबाट कविताको लयको विशिष्ट उतारचढाव तथा मौलिक अन्तर्प्रवाह भएको देखिन्छ । जसले कवितामा विशिष्ट लयको निर्माण हुन पुगी कवितात्मक भावप्रवाहमा सहयोग पुऱ्याएको छ ।

**समानान्तरता**

कवितामा समानान्तरता लयविधानको अर्को महत्त्वपूर्ण तत्त्व हो । यसलाई आवृत्ति वा पुनरावृत्ति पनि भनिन्छ । भाषिक तत्त्व तथा एकाइहरूको समानान्तरताले कविताको लयमा विशेष भूमिका खेलेको हुन्छ । कृतिमा कुनै भाषिक अभिलक्षण वा एकाइको नियमित पुनरावृत्तिलाई समानान्तरता भनिन्छ । विचलनभन्दा विपरीत अभिलक्षण मानिने समानान्तरता अतिरिक्त नियमितताका रूपमा देखिन्छ भने विचलन अनियमितताका रूपमा देखिन्छ । समानान्तरता छन्द, अलङ्कार, तुक, समता आदिको प्रयोगमा हुने पुनरावृत्तिका रूपमा देखापर्छ । यस्तो पुनरावृत्ति वा नियमितता वर्ण, अक्षर, रूपिम, शब्द, पदसमूह, उपवाक्य, वाक्य, सङ्कथन, अर्थ आदि सबै भाषिक तहहरूमा हुन्छ (शर्मा, २०५५, पृ. ५५३) । कवितामा समान वर्णदेखि समान पद, पदावली, वाक्यांश र वाक्य दोहोरिनु नै समानान्तरता वा आवृत्ति हो । कवितामा विशेष गरी यस्ता समानान्तरताले आद्यानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रासको भूमिका खेलेको हुन्छ । यस्ता समानान्तरताले कविताको अभिव्यक्तिमा विशिष्टता प्रदान गरेको हुन्छ भने साङ्गीतिकता पनि प्रदान गर्दछ । त्यस्तै समानान्तरताले अतिरिक्त नियमितताको सङ्कल्पनालाई आधार बनाएको हुन्छ । समानान्तरताको अर्थ कुनै भाषिक लक्षण वा विधानको पुनरावृत्तिको नियमितता हो । पुनरावृत्तिको नियमितता भाषाका हरेक स्तरमा देख्न सकिन्छ (श्रीवास्तव, सन् १९७२, पृ. ५८) । समानान्तरताको प्रयोग भाषाका विभिन्न एकाइहरूमा हुन्छ । यसरी कवितामा समान ध्वनिदेखि वाक्यसम्म विभिन्न भाषिक तहमा हुने समानान्तरताले कवितालाई लयात्मक दृष्टिले सुन्दर बनाउँछ ।

कवितामा समानान्तरताको प्रयोग विभिन्न तरिकाबाट गरिएको हुन्छ। ध्वनिको समानान्तरतादेखि वाक्यगत समानान्तरतासम्मले कवितामा लयोत्पादन गरेको हुन्छ। यस बिचमा वर्णको समानान्तरताले लयलाई विशिष्ट बनाउँछ। शब्दको समानान्तरताले अनुप्रासयुक्त लयोत्पादन गरिरहेको हुन्छ भने पदावलीगत समानान्तरताले कवितालाई विशिष्ट लयात्मक बनाइदिन्छ। यहाँ यस कवितामा समानान्तर रूपमा प्रयोग भएका, आवृत्ति भएका वा दोहोरिएका ध्वनि, वर्ण, शब्द, पदावली तथा वाक्यहरूको पहिचान गरी यस्ता समानान्तरताले निर्माण गरेको लयको अध्ययन गर्ने कार्य गरिएको छ।

**वर्ण तथा अक्षरगत आवृत्तिमा ध्वनिको समानान्तरता**

कवितालाई लयात्मक बनाउने कार्य वर्ण तथा अक्षरगत आवृत्तिमा ध्वनिको समानान्तरताले विशेष रूपमा गरिरहेको हुन्छ। कवितामा लयोत्पादन गर्ने कार्यमा सूक्ष्मरूपमा तर विशिष्ट तहमा भूमिका खेल्ने वर्ण, अक्षर तथा ध्वनिको अध्ययन गर्नु लयविधानका लागि महत्त्वपूर्ण हुन्छ। यस कवितामा वर्ण तथा अक्षरगत आवृत्तिमा ध्वनिको समानान्तरता हुन पुगी विशिष्ट लयको निर्माण भएको देखिन्छ। यसले कवितालाई विशिष्ट भावयुक्त बनाएको छ भने लयविधानका दृष्टिले कविता उत्कृष्ट लयात्मक बन्न पुगेको छ। यस कवितामा भएको स्वरवर्ण, व्यजनवर्ण, अक्षर तथा ध्वनिको समानान्तरता अर्थात् आवृत्तिको अवस्थालाई अझै स्पष्ट पार्न यहाँ तालिकाको प्रयोग गरिएको छ। जसले कवितामा विशिष्ट लयनिर्माणमा भएको समानान्तरतालाई सूक्ष्म रूपमा देखाएको छ।

| स्वर वर्ण | समानान्तरता वा आवृत्ति | **ध्वनि आवृत्ति** |
|---|---|---|
| अ | १ | अ ध्वनि एकपटक मात्र |
| आ | १ | आ ध्वनि एकपटक मात्र |
| इ | ६ | इ ध्वनि छपटक |
| उ | १ | उ ध्वनि एकपटक मात्र |
| ओ | ३ | ओ ध्वनि तीनपटक |
| ए | १ | ए ध्वनि एकपटक मात्र |
| **व्यञ्जन वर्ण तथा अक्षर समानान्तरता वा आवृत्ति ध्वनि आवृत्ति** | | |
| का | ३ | आ ध्वनि |
| की | २ | इ ध्वनि |
| कि | १ | इ ध्वनि |
| कु | १ | उ ध्वनि |
| को | ५ | ओ ध्वनि |
| खा | १ | आ ध्वनि |
| घ | १ | अ ध्वनि |
| घा | १ | आ ध्वनि |
| छ | ३ | अ ध्वनि |
| छु | २ | उ ध्वनि |
| छो | १ | ओ ध्वनि |

| | | |
|---|---|---|
| चो | १ | ओ ध्वनि |
| ज | १ | अ ध्वनि |
| झु | १ | उ ध्वनि |
| ट | ४ | अ ध्वनि |
| टा | ३ | आ ध्वनि |
| टी | २ | इ ध्वनि |
| डि | १ | इ ध्वनि |
| त | २ | अ ध्वनि |
| ति | २ | इ ध्वनि |
| ती | १ | इ ध्वनि |
| द | १ | अ ध्वनि |
| दा | १ | आ ध्वनि |
| दु | १ | उ ध्वनि |
| दे | १ | ए ध्वनि |
| न | ५ | अ ध्वनि |
| ना | १ | आ ध्वनि |
| नी | २ | इ ध्वनि |
| नु | २ | उ ध्वनि |
| ने | १ | ए ध्वनि |
| प | ५ | अ ध्वनि |
| पा | १ | आ ध्वनि |
| पो | १ | ओ ध्वनि |
| ब | ५ | अ ध्वनि |
| बा | २ | आ ध्वनि |
| बै | १ | अइ ध्वनि |
| भा | १ | आ ध्वनि |
| भि | १ | इ ध्वनि |
| म | ४ | अ ध्वनि |
| मा | ४ | आ ध्वनि |
| मे | २ | ए ध्वनि |
| मै | १ | अइ ध्वनि |
| य/या | ६ | ए/आ ध्वनि |
| र | ६ | अ ध्वनि |
| री | २ | इ ध्वनि |
| ल | ३ | अ ध्वनि |
| ला | ३ | आ ध्वनि |

| | | |
|---|---|---|
| ली | १ | इ ध्वनि |
| ले | २ | ए ध्वनि |
| लो | १ | ओ ध्वनि |
| वै | १ | अइ ध्वनि |
| श/ष/स | ८ | अ ध्वनि |
| सा | १ | आ ध्वनि |
| सि | १ | इ ध्वनि |
| हु | १ | उ ध्वनि |
| हो | १ | ओ ध्वनि |
| त्रि | १ | इ ध्वनि |

कवितामा लय निर्माणका लागि आएका वर्ण, अक्षर तथा ध्वनिमध्ये माथिको तालिकामा देखाइएका स्वर वर्ण तथा व्यञ्जन वर्णको वर्णगत र ध्वनिगत समानान्तरता वा आवृत्तिमध्ये एकपटक मात्र कवितामा प्रयोग भएको वर्णलाई वर्णगत आवृत्ति वा समानान्तरता भनिँदैन । दुई वा दुईभन्दा बढी पटक दोहोरिनु भने आवृत्ति हो । माथिको उदाहरणबाट दुई वा दुईभन्दा बढी पटक दोहोरिएका वर्ण वा ध्वनिले लय उत्पादनमा विशेष भूमिका खेलेका छन् । एकपटक मात्र आएको वर्णको ध्वनिगत आवृत्ति भने अन्य वर्णको ध्वनिसँग मात्र हुन पुगेको छ । माथिको तालिकाको अध्ययन गर्दा वर्ण वा अक्षरगत आवृत्तिभन्दा ध्वनिगत आवृत्तिको कारण कवितामा विशिष्ट लय निर्माण हुन पुगेको देखिन्छ । यसरी लय निर्माण हुने क्रममा ‘अ’ ध्वनि ४७ पटक (ह्यामलेट, शङ्का, उपशङ्का, तक्मा, नहुनु, बनी, सर्वदा, झुन्डिरहोस्, लगाएर, तलवार, टल्काओस्, चोबलोस्, र, मात्र, रुद्रघन्टीमा, गराओस्, छटपटाई, विषमय, भोग्न, मजस्ती, अपघातिनी, किनभने, सबैको, छली, सम्बन्ध तथा अवैध) आवृत्ति भएको छ भने ‘आ’ ध्वनि २९ पटक (ह्यामलेट, शङ्का, उपशङ्का, तक्मा, सर्वदा, लगाएर, तलवार, टल्काओस्, मात्र, रुद्रघन्टीमा, गराओस्, छटपटाई, अपघातिनी, आँखा, आफ्नो, राखेकी) आवृत्ति भएको छ । यसै गरी ‘इ’ ध्वनि २२ पटक (मेरी, छोरी, भिरोस्, त्रिशङ्कु, बनी, झुन्डिरहोस्, पोटासियम, सायोनाइड, घाँटी, रुद्रघन्टीमा, छटपटाई, विषमय, मजस्ती, टुप्पालाई, अपघातिनी, किनभने, छली, राखेकी) आवृत्ति भएको छ । त्यस्तै ‘उ’ ध्वनि १२ पटक ( उपशङ्का, हुनु, नहुनु, त्रिशङ्कु, झुन्डिरहोस्, दुर्भाग्यको, टुप्पालाई, रुद्रघन्टी, मृत्यु, छु) आवृत्ति भएको छ । कवितामा ‘ए’ ध्वनिको प्रयोग भने १३ पटक भएको देखिन्छ (मेरी, ह्यामलेट, छोइदेओस्, मेरो, किनभने, मैले, राखेकी) भने ‘ओ’ ध्वनि १५ पटक (छोरी, बनोस्, भिरोस्, झुन्डिरहोस्, पोटासियम, सायोनाइड, टल्काओस्, चोबलोस्, छोइदेओस्, मेरो, गराओस्, सबैको, आफ्नो) आवृत्ति भएको छ । यस कवितामा द्विस्वर ‘अइ’ ध्वनि पनि (मैले, सबै, अवैध) तीन पटक आवृत्ति भएर विशिष्ट लय निर्माणमा सहयोग पुऱ्याएको छ । समग्रमा यस कवितामा ध्वनि आवृत्ति तथा वर्णको उच्चारणस्थान, प्रयत्न र घोषत्वका आधारमा पनि विशिष्ट लय निर्माण भएको छ ।

### शब्दगत समानान्तरता वा आवृत्ति

कवितालाई लयात्मक बनाउने समानान्तरताभित्रको अर्को पक्ष भनेको शब्दगत समानान्तरता वा आवृत्ति हो । शब्दको आवृत्तिले आद्यानुप्रास, मध्यानुप्रास तथा अन्त्यानुप्रासयुक्त

ध्वनि निर्माण गरी विशिष्ट लय निर्माणमा विशेष सहयोग पुऱ्याउँछ । शास्त्रीय छन्दका पद्य लयात्मक कवितामा नियोजित रूपमा शब्दगत समानान्तरता हुने हुँदा यस्ता कविता बढी लयात्मक तथा गेयात्मक हुन पुग्छ । गद्य लयात्मक वा मुक्तछन्दका कवितामा भने शब्दगत समानान्तरता कम हुने भएकाले अनियमित लयको निर्माणमा सहयोग पुगिरहेको हुन्छ । गद्य कवितामा शब्दगत समानान्तरता न्यून हुने हुँदा यस्तो समानान्तरताले बाह्यभन्दा पनि आन्तरिक लयलाई बढी बलियो बनाइरहेको हुन्छ । यस कवितामा शब्दहरूको आवृत्तिले लय सिर्जना गरेको छ । यसरी शब्दहरूको आवृत्ति हुँदा उस्तै ध्वनि सिर्जना गर्ने शब्दहरूको पनि आवृत्ति भएको छ । यस कवितामा यसरी समानान्तरता वा आवृत्ति भएका र ध्वनिगत आवृत्तिसमेत भएका शब्दहरू 'बनोस्, भिरोस्, झुन्डिरहोस्, टल्काओस्, चोबलोस्, छोइदेओस्, गराओस्' रहेका छन् । जुन शब्दहरूमा 'ओस्' ध्वनिको आवृत्ति भएको छ । जसले गर्दा कवितामा अनुप्रासयुक्त लय निर्माण भएको छ । त्यस्तै 'शङ्का-उपशङ्का, छटपटाई छटपटाई, सम्बन्ध, राखेकी, छु' जस्ता शब्दहरूको आवृत्तिले कवितामा लयलाई बलियो बनाएको छ । पहिलो पङ्क्तिमा नै प्रयोग भएका 'मेरी' र 'छोरी' शब्दमा शाब्दिक अवृत्ति नभए पनि ध्वनिगत आवृत्तिले लय उत्पन्न गरेको छ । यसरी यस कवितामा विभिन्न शब्द र उस्तै ध्वनियुक्त शब्दहरूको आवृत्ति तथा समानान्तरताले विशिष्ट लय निर्माण गरेको छ ।

### पदावलीगत समानान्तरता वा आवृत्ति

कवितामा लय निर्माणका लागि आवश्यक पर्ने समानान्तरताको अर्को अवस्था पदावलीगत समानान्तरता हो । यसले कवितामा समान ध्वनिको निर्माणमा सहयोग पुऱ्याउँछ । पदावलीगत समानान्तरताले कविताको भावाभिव्यक्तिलाई बलियो बनाउन भूमिका खेलेको हुन्छ । समान पदावलीको प्रयोग हुँदा अनुप्रासमा समेत सहयोग पुगी कविताको लयोत्पादनमा बल पुग्छ र कविता विशिष्ट लयात्मक बन्दछ । यस कवितामा पदावलीगत समानान्तरताले लय निर्माण गरेको छ । कविताको उन्नाइसौँ र बिसौँ पङ्क्तिमा पदावलीगत समानान्तरता भएको छ । यी पङ्क्तिमा

...सम्बन्ध राखेकी छु

...सम्बन्ध राखेकी छु

जस्ता पदावलीको समानान्तरता वा आवृत्ति भएको छ । जसले कविताको अन्त्यमा विशिष्ट लय निर्माण हुन पुगेको छ । यस कवितामा पदावलीगत समानान्तरता कम भए पनि अन्तिम दुई पङ्क्तिमा यसको प्रयोग हुँदा समग्र कविताको लय विशिष्ट बनेको छ । जसले कविताको भावबोधमा समेत भूमिका खेलेको छ ।

### विचलन

विचलन शब्दले नियमको उल्लङ्घन भन्ने अर्थबोध गराउँछ । व्याकरणिक तथा भाषिक मानक तथा प्रचलित नियमको सार्थक र उद्देश्यपूर्ण उल्लङ्घन नै विचलन हो । विचलन शब्दले नियममा नरहने वा नबस्ने भन्ने अर्थ दिन्छ । रुढ र यान्त्रिक बनिसकेका मानक नियमहरूको सार्थक अतिक्रमणबाट कवितामा भाषिक सौन्दर्यका नयाँ सम्भावनाहरूको खोजी गरिनु नै विचलन हो ( ढकाल, २०५०, पृ. २१) । साहित्यका विधामध्ये कविता विधामा विचलनको प्रयोग अत्यधिक हुने गरेको पाइन्छ । हरेक भाषाको सामान्य नियम एवम् व्यवस्था हुने र सामान्य भाषा त्यही नियम वा व्यवस्थामा बाँधिने हुँदा यस्ता नियम वा व्यवस्थामा आबद्ध भाषाको मानक रूपको अतिक्रमण वा

उल्लङ्घन नै विचलन हो (लुइटेल, २०६२, पृ. ७९) । विचलन एक किसिमको विशिष्ट ढङ्गले गरिने भाषिक प्रयोग हो । यसले कवितामा भाषाभन्दा भावपक्षलाई बलियो बनाउन भूमिका खेल्दछ । विचलनमार्फत् भाषाका विभिन्न एकाइमा मानक पक्षलाई अमानक बनाई अभिव्यक्तिलाई सार्थक र विशिष्ट बनाउने गरिन्छ । त्यसैले पनि भाषिक प्रयोक्ताको सामान्य अपेक्षाभन्दा भिन्न ढङ्गले गरिने भाषिक प्रयोग नै विचलन हो (चापम्यान, सन् १९७४, पृ. ११४) । कवितामा भने भावबोध वा भावाभिव्यक्तिलाई विशिष्ट तुल्याउन विचलन गर्ने गरिन्छ । विचलन भाषाका धेरै एकाइहरूमा विभिन्न प्रकारले हुन सक्ने भए पनि कवितामा कोशीय विचलन, व्याकरणिक विचलन, लेखिमिक विचलन, आर्थी विचलन, भाषिकागत विचलन र प्रयुक्ति विचलन बढी देखिन्छ (गौतम, २०६६, पृ. ५३७) । यस्ता विचलनको प्रयोगले नै कवितालाई विशिष्ट संरचनामा लैजाने र लयोत्पादनमा विशेष भूमिका खेल्ने गर्दछ । भाषाको मानक व्याकरणिक नियममा नरही कवितामा प्रयुक्त शब्दहरूलाई निश्चित उद्देश्य पूरा गर्न र भाव निर्माण गर्न भाँच्नु वा अघिपछि पारेर राख्नु नै विचलन हो । यस कवितामा पनि यसरी विचलन गरिएको छ । जसले लय निर्माण गर्ने काम गरेको छ । कवितामा विचलन भएका केही उदाहरण यहाँ प्रस्तुत गरिएको छ :

'चोबलोस् टुप्पालाई

पोटासियम सायोनाइडको प्यालामा'

यस कवितांशमा पदक्रम विचलन भएको छ । पदक्रम विचलनकै कारण कवितामा लय सिर्जना हुन पुगेको छ । यस कवितांशलाई पदक्रम विचलन नगराउने हो भने 'टुप्पालाई पोटासियम सायोनाइडको प्यालामा चोबलोस्' वाक्य बन्छ । यसरी सिधा वाक्य बन्दा लय निर्माण हुँदैन । कविता विशिष्ट भावयुक्त पनि हुनुपर्छ । जुन पङ्क्तिमा सोझो अर्थ अभिव्यक्त हुन्छ त्यस्तो कविता कम मूल्यवान् हुने हुँदा भावप्रधान कविता निर्माणका लागि विचलन गराइएको पाइन्छ । यस कवितामा पनि यसरी विचलन गर्दा लय निर्माण भएको छ भने कविता विशिष्ट भावयुक्त पनि बन्न पुगेको छ । त्यस्तै :

'र मात्र छोइदेओस्

मेरो घाँटीको रुद्रघन्टीमा'

कवितांशमा पनि पदक्रम विचलन गरिएको छ । यदि यी पङ्क्तिलाई विचलन नगराउने हो भने '... र मेरो घाँटीको रुद्रघन्टीमा मात्र छोइदेओस्' भन्ने वाक्यांश निर्माण हुन जान्छ । यस आधारमा कविताका एघार र बाह्र पङ्क्तिमा रहेका यी पदहरूमा विचलन गरी विशिष्ट लय निर्माण गरिएको देखिन्छ । यसै गरी

'बाध्य गराओस्

छटपटाई छटपटाई विषमय मृत्यु भोग्न

मजस्ती अपघातिनीलाई'

कवितांशमा पनि पदक्रम विचलन भएको छ । यदि यस कवितांशलाई पदक्रम विचलन नगराउने हो भने 'मजस्ती अपघातिनीलाई छटपटाई छटपटाई विषमय मृत्यु भोग्न बाध्य गराओस्' भन्ने वाक्य

निर्माण हुन्छ । यसरी सिधा वाक्य बनाउने हो भने कविताको मूल पहिचानको रूपमा रहेको भाव नै हराउन जान्छ । कवितामा उक्त पदक्रम विचलनले विशिष्ट लय निर्माणसँगै विशिष्ट प्रकारको भाव अभिव्यक्त गरेको छ ।

### विपरीतता

कवितामा लय निर्माण गर्ने वा लयात्मक भाव प्रवाह गर्ने अर्को तत्त्व विपरीतता हो । विपरीतता भनेको विपरीतार्थी शब्दको प्रयोग हो । विपरीतताले कविता बुनोटको क्षेत्रमा काम गरेको हुन्छ । बुनोटभित्र पर्ने विपरीतताको अभिप्राय आर्थी सम्बन्धहरूलाई स्पष्ट रूपले द्योतन गर्नु भए पनि यो कविताको पूर्ण पूर्वाधार भने होइन तर यसले कवितामा प्रयुक्त शब्दहरूको विपरीत अर्थ लगाउँदै कवितालाई लयात्मक बनाउन विशेष भूमिका खेल्दछ (ब्राउन र युले, सन् १९८८, पृ. १९६) । यस कवितामा विपरीत अर्थ प्रदान गर्ने शब्दहरूको प्रयोगले लय निर्माण गरेको छ । कविताको पाँचौं पङ्क्तिमा प्रयोग भएको 'हुनु र नहुनु' शब्दले कवितामा छुट्टै र विशिष्ट लय निर्माण गरेको छ ।

### खण्डीकरण

कवितामा लय सिर्जना गर्ने अर्को तत्त्व भनेको खण्डीकरण हो । कविताको एकखाले भावलाई अर्को भावसँग जोड्न र नयाँ भाव वा विचारलाई समेत स्थान दिन वा कवितालाई निष्कर्षतिर लैजान र पाठकमा उच्च विचार निर्माण गराउन खण्डीकरणले महत्त्वपूर्ण भूमिका खेल्दछ । यसरी खण्डीकरण गर्दा कविताका पङ्क्तिमा प्रायः विरामचिह्नद्वारा चिह्नित विराम, कविताको अन्त्यमा विरामचिह्नद्वारा चिह्नित विराम तथा कविताका पङ्क्तिको अन्त्यमा विराम नभई अर्को पङ्क्तितर्फ अघि बढ्ने कार्य गरिन्छ (पेक र कोयल, सन् १९९३, पृ. ४९) । यसरी कवितालाई खण्डखण्ड पार्दा त्यहाँ उच्चारणमा विशिष्ट ध्वनि उत्पन्न भई लय निर्माण हुन जान्छ । यस कवितामा पनि खण्डीकरणले लय निर्माण गरेको छ । कविताको सोह्रौं पङ्क्तिमा प्रयुक्त 'किनभने' र अठारौं पङ्क्तिमा प्रयुक्त 'मैले' शब्दले कविताको भावप्रवाहमा खण्डीकरण गरी विशिष्ट लय निर्माण गरेको छ ।

### लेख्यचिह्नहरूको प्रयोग

कविता विधामा कविताको भाव प्रवाह गर्न र लय सिर्जना गर्न चिह्नको भूमिका महत्त्वपूर्ण हुन्छ । लेख्यचिह्नले कवितामा आन्तरिक तथा बाह्य लय निर्माणमा विशेष योगदान पुऱ्याउँछ । शास्त्रीय छन्दमा रचना भएको कवितामा यसको काम 'यति' ले गर्ने भए पनि गद्य कवितामा लेख्यचिह्नले लय निर्माणमा सहयोग पुऱ्याइरहेको हुन्छ । छन्दमा यति मध्य र अन्त्य गरी दुई प्रकारको भए पनि गद्य कविताका पङ्क्तिमा चिह्नप्रयोगले स्पष्ट रूपमा लय निर्माणमा सघाउ पुऱ्याएको हुन्छ (गङ्गादास, सन् १९८३, पृ. १०) । चिह्नको सचेत प्रयोगले भावप्रवाहसँगै लयोत्पादनमा विशिष्ट संरचना निर्माण हुन पुगी कविताको विशिष्टतालाई प्रस्तुत गर्दछ । लेख्यचिह्नको प्रयोगका दृष्टिले प्रस्तुत कविता सामान्य रहेको देखिन्छ । यस कवितामा लेख्यचिह्नको प्रयोग जम्मा दुई स्थानमा भएको छ । कविताको अठारौं पङ्क्तिमा 'मैले-' शब्दसँगै योजक चिह्नको प्रयोग र अन्तिम पङ्क्तिको अन्त्यमा पूर्णबिराम ( । ) चिह्नको प्रयोग भएका छन् । यी चिह्नहरूले

कवितामा लयोत्पादन हुन पुगी भावप्रवाहमा समेत भूमिका खेल्दै कवितामा निश्चित स्थानमा लय निर्माण गरेका छन् र कविता विशिष्ट लयात्मक बन्न पुगेको छ ।

## निष्कर्ष

बानिरा गिरीद्वारा गद्य लयमा रचित 'अवैध सम्बन्ध' नारी अस्तित्व र नारीत्वको मूल्यको भाव अभिव्यक्त भएको लयविधानका दृष्टिले उत्कृष्ट कविता हो । मौलिक शैलीमा रचिएको यस कवितामा पङ्क्तिविन्यास, समानान्तरता वा आवृत्ति, विचलन, विपरीतता, खण्डीकरण र लेख्यचिह्नको प्रयोग गरी विशिष्ट लय निर्माण भएको छ । जम्मा २० पङ्क्तिमा संरचित यस कवितामा लयविधानका लागि आवश्यक तत्त्वहरूमध्ये सम्बोधनको प्रयोग छैन भने अन्य तत्त्वहरूको प्रयोगले कविताको गद्य लय सशक्त बन्न पुगेको छ । ध्वनिगत समानान्तरता वा आवृत्तिले कवितामा आन्तरिक तथा बाह्य लयको निर्माण भएको छ । वर्णको आवृत्तिले लयोत्पादनमा महत्त्वपूर्ण भूमिका खेलेको छ । पद तथा पदावलीको आवृत्तिले अनुप्रासयुक्त लय निर्माण हुन पुगेको छ । वर्ण, अक्षर, ध्वनि, उच्चारणस्थान, प्रयत्न र घोषत्वको समानान्तरता वा आवृत्तिले कवितामा विशिष्ट लय सिर्जना गरेको छ । पदक्रम विचलनले पनि कवितामा लयको विशिष्ट रचना भएको छ । यसले बाह्य लय निर्माणमा विशेष भूमिका निर्वाह गरेको छ साथै आन्तरिक ध्वनि निर्माणमा र भावप्रवाहमा समेत विचलनले महत्त्वपूर्ण कार्य गरेको छ । विपरीतताले अर्थगत भिन्नतासँगै समान ध्वनिको निर्माण गरी लयात्मक रूपमा कविताको भावप्रवाहमा भूमिका खेलेको छ । त्यस्तै खण्डीकरणले पनि भावप्रवाहमा विशिष्ट कार्य गर्दै लय सिर्जनामा विशेष कार्य गरेको छ । यसरी लय निर्माणका लागि आवश्यक तत्त्वहरूको उचित प्रयोगका कारण यो कविता लयविधानका दृष्टिले सबल र विशिष्ट बन्न पुगेको छ ।

## सन्दर्भ सामग्रीसूची


एटम, नेत्र (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

गङ्गादास (सन् १९८३). *छन्दोमञ्जरी (*सम्पा. ब्रह्मानन्द त्रिपाठी, दोस्रो संस्क.). चौखम्बा सुरभारती प्रकाशन ।

गिरी, वानिरा (२०७४). 'अवैध सम्बन्ध'. *प्रज्ञा आधुनिक नेपाली कविता,* गौतम, लक्ष्मणप्रसाद र एटम, नेत्र (सम्पा.). नेपाल प्रज्ञा प्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद (२०६६). *समकालीन नेपाली कविताका प्रवृत्ति.* पैरवी प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०६९). *कविताको सैद्धान्तिक विमर्श.* पाठ्य सामग्री पसल ।

ढकाल, विप्लव (२०५०). 'समकालीन नेपाली कवितामा भाषिक विचलन', *प्रज्ञा,* ७८, असार-असोज, पृ. २१ ।

त्रिपाठी, वासुदेव (२०३०). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग एक* (पाँचौं संस्क.). साझा प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६०). *कविता सिद्धान्त र नेपाली कविताको इतिहास.* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६२). *कविताको संरचनात्मक विश्लेषण.* विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६७). *नेपाली काव्य समालोचना.* पैरवी प्रकाशन ।

शर्मा, मोहनराज (२०४८). *शैली विज्ञान.* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०५५). *समकालीन समालोचना सिद्धान्त र प्रयोग.* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

श्रीवास्तव, रविन्द्रनाथ (सन् १९७२). *शैलीविज्ञान और आलोचना की नई भूमिका.* केन्द्रीय हिन्दी संस्थान ।

Brown, Gillian & Yule, George (1988). *Discourse Analysis.* Cambridge University Press.

Chapman, Raymond (1974). *Linguistics and Literature An Introduction to Literary Stylistics.* Edward Arnold.

Peck, John & Coyle, Martin (1993). *Literary Tearms and Criticism* (Second Ed.). Macmillan Press Ltd.